इजरायल सरकार

तथा

नेपाल सरकार

बीच सम्पन्न

इजरायलको विशिष्ट श्रम बजारमा नेपाली कामदारको अस्थायी रोजगारी सम्बन्धी सम्झौता

प्रस्तावना

इजरायल सरकार तथा नेपाल सरकार (यस पछि संयुक्त रुपमा" पक्षहरु" र छुट्टाछुट्टै रुपमा "पक्ष" भनिएको) दुवै राष्ट्र बीचको मित्रता र सहकार्यलाई विस्तार र सुदृढ गर्न इच्छुक हुँदै,

इजरायलको प्रचलित कानून बमोजिम इजरायलमा विदेशी कामदारलाई भर्ना गर्न र अस्थायी रोजगारी उपलब्ध गराउन, इजरायलको राष्ट्रिय श्रम बजार, विदेशी कामदारलाई रोजगारीको लागि खुला गरिएको क्षेत्र सम्बन्धी इजरायल सरकारको नीतिका साथै अस्थायी कामदारको वार्षिक रुपमा तय गरिएको संख्या (कोटा) र त्यस्तो प्रत्येक क्षेत्रको लागि रोजगारी अनुमति जारी गर्ने सम्बन्धी पूर्वशर्त बमोजिम,

पक्षहरुले मानव बेचबिखन, अवैध बसाईसराई, अभिलेख रहित र गैरकानूनी मानवस्रोत भर्ती प्रक्रिया र विदेशी कामदारको अवैध रोजगारी विरुद्ध लड्ने आफ्ना साझा लक्ष्य घोषणा गर्दै,

पक्षहरुले विदेशी कामदार भर्नाका सबै प्रक्रिया र नियुक्तिमा लिइने गैरकानूनी भर्ना सम्बन्धमा लाग्ने शुल्क र गरिने भुक्तानीको अन्त्य गर्न पारस्परिक रुपमा इच्छुक हुँदै र यस लक्ष्य प्राप्तिको लागि सहकार्य गर्न इच्छुक भएको घोषणा गर्दै,

पक्षहरुले कामदार भर्ना र नेपाली कामदारलाई इजरायलमा विशिष्ट क्षेत्रमा अस्थायी रोजगारीको लागि पुग्दाको अस्थायी बसोबास, यस सम्झौताको कार्यान्वयन प्रोटोकलमा उल्लेख भए बमोजिमको कार्यविधि (यसपछि "कार्यान्वयन प्रोटोकल" भनिएको) तथा नेपाली कामदारको इजरायलमा कानूनी बसाइको अवधि समाप्त भएपछि आफ्नो राष्ट्रमा फर्कने प्रक्रियालाई कानूनसम्मत, स्वच्छ तथा सुसूचित बनाउने इच्छा गर्दै,

देहाय बमोजिम गर्न सहमत भएका छन्:

धारा १ — सामान्य

१. "अस्थायी रोजगारी" भन्ने शब्दावलीले इजरायलको सरकारले विदेशी कामदारलाई रोजगारी उपलब्ध गराउन इजरायलको राष्ट्रिय कानून, नियम, कार्यविधि तथा सरकारबाट सीमित अवधिको लागि जारी गरिएका प्रस्ताव बमोजिम, नेपाली नागरिकले इजरायलको बसाइ छोड्नुपर्ने गरी जारी गरेको वैध स्वीकृति भएको रोजगारदाताबाट नेपाली नागरिकलाई इजरायलमा विशिष्ट क्षेत्रमा प्रदान गरिएको कानूनी रोजगारीलाई सम्झनुपर्छ।

२. प्रत्येक स्वीकृत क्षेत्रमा उपलब्ध गराइएको अस्थायी रोजगारीको अवधि सम्बन्धित कार्यान्वयन प्रोटोकलमा उल्लेख भए बमोजिम हुनेछ र सो अवधि इजरायलको राष्ट्रिय कानूनमा भएको अधिकतम अवधि भन्दा बढी हुनेछैन। साथै, इजरायल सरकारले जारी गरेको सम्बन्धित प्रस्तावमा उल्लेख गरी प्रत्येक क्षेत्रमा स्वीकृत गरेको कामदारको वार्षिक संख्या (कोटा) भन्दा बढी अस्थायी कामदारको संख्या हुनेछैन।

३. प्रस्तुत सम्झौता अन्तर्गत प्रत्येक विशिष्ट क्षेत्रको लागि इजरायलको कानून र कार्यविधि बमोजिम इजरायल सरकारले अस्थायी रोजगारीको लागी भर्ना गरिएका नेपाली कामदारको प्रवेशाज्ञा (भिसा) र कार्य अनुमति जारी गर्न सहजीकरण गर्नेछ।

४. प्रत्येक स्वीकृत क्षेत्रमा अस्थायी रोजगारी उपलब्ध गराइने नेपाली कामदारको अधिकतम संख्या प्रस्तुत सम्झौता अन्तर्गतको प्रत्येक विशिष्ट क्षेत्रको कार्यान्वयन प्रोटोकलमा उल्लेख गरिनेछ र उक्त संख्या इजरायल सरकारले जारी गरेका प्रस्तावमा उल्लेख भएको अस्थायी विदेशी कामदारको तय गरिएको संख्या (कोटा) र इजरायलमा रोजगारदाताबाट

प्राप्त रोजगारीको संख्यासँग समेत सम्बन्धित हुनेछ। प्रस्तुत सम्झौता वा कार्यान्वयन प्रोटोकलमा भएका कुनै पनि व्यवस्थालाई नेपालबाट नै कामदार भर्ना गरिनुपर्ने वा नेपालका कामदारलाई मात्र विशेष भर्ना गरिनुपर्ने भनी इजरायलको दायित्व सिर्जना गर्ने गरी व्याख्या गरिनेछैन।

५. सम्बन्धित कार्यान्वयन प्रोटोकलमा उल्लेख भए बमोजिमको अस्थायी रोजगारी गर्ने कामदारले आफूलाई जारी गरिएको प्रवेशाज्ञा र कार्य अनुमति बमोजिमको क्षेत्र बाहेक अन्य कुनै पनि क्षेत्रमा वैतनिक श्रम क्रियाकलाप वा रोजगारी गर्न पाउनेछैन।

६. प्रत्येक पक्षले आफ्नो कानून र नियम बमोजिम नेपाली अस्थायी कामदारको अधिकार संरक्षण गर्नको लागि उचित र आवश्यक कारवाही गर्ने प्रयत्न गर्नेछन्।

धारा २- उद्देश्य

प्रस्तुत सम्झौताका उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) प्रस्तुत सम्झौतामा उल्लेख भएका सिद्धान्त बमोजिम तथा त्यस्ता भर्नासँग सम्बन्धित अवैध शुल्क लिनबाट बचाउनको लागि इजरायलमा अस्थायी कामको लागि पुगेका नेपाली नागरिकको भर्ना प्रक्रिया कानूनसम्मत, स्वच्छ र सुसूचित भएको सुनिश्चित गर्ने,

(ख) पक्षहरु बीच उचित जानकारी आदानप्रदान गर्ने र अस्थायी श्रमका सवालमा भइरहेको सहकार्य सम्बन्धी संरचना तय गर्ने,

(ग) पक्षहरु बीच नेपाली कामदारको भर्ना, छनौट, नियुक्ति, पदस्थापन, आगमन र रोजगारी तथा इजरायलमा अस्थायी रोजगारी पश्चात् नेपाल फर्कने लगायतका विषयमा हुने सहकार्य सुनिश्चित गर्ने,

(घ) यस सम्झौता अन्तर्गत भर्ना गरिएका नेपाली कामदारहरुले सम्बन्धित क्षेत्रमा रोजगारीको लागि आवश्यक योग्यता हासिल गरेको, इजरायलमा कानूनी तवरबाट बस्न आवश्यक शर्तहरु बुझेको र इजरायलमा रोजगारीको अवधि समाप्त भए पछि आफ्नो राष्ट्र फर्कनु पर्ने दायित्व भएको सुनिश्चित गर्ने,

(ङ) यस सम्झौता अन्तर्गत भर्ना गरिएका नेपाली कामदारको इजरायलमा अस्थायी रोजगारी गर्ने सम्बन्धमा भर्ना, छनौट, नियुक्ति, आगमन रोजगारी र आफ्नो राष्ट्रमा फिर्ती लगायतका समग्र प्रक्रियामा श्रम अधिकार संरक्षणको प्रवर्द्धन गर्ने।

धारा ३- सहकार्य गर्ने अधिकारी

पक्षहरुले सहमति जनाएका विभिन्न क्षेत्रहरुमा यस सम्झौता कार्यान्वयनको लागि सरकारका सम्बन्धित मन्त्रालय वा निकाय (यसपछि "सहकार्य गर्ने अधिकारी" भनिएको) तोक्नेछन् र अधिकार दिनेछन्। इजरायलको सहकार्य गर्ने अधिकारीलाई इजरायलको साधिकार औपचारिक निकाय वा उक्त निकायले अधिकार दिएको वा सो को तर्फबाट अधिकार प्राप्त कुनै गैर सरकारी संस्थाले सहयोग गर्नेछ। प्रत्येक विशिष्ट क्षेत्रको लागि सम्बन्धित सहकार्य गर्ने अधिकारी कार्यान्वयन प्रोटोकलमा व्यवस्था गरिनेछ वा पक्षहरुले कुटनीतिक माध्यमबाट औपचारिक लिखितबाट जानकारी दिई सुनिश्चित गर्नेछन्।

धारा ४- सामान्य कार्यान्वयन व्यवस्था

१. प्रत्येक विशिष्ट क्षेत्रको कार्यान्वयन प्रोटोकल र तिनका अनुसूचीहरुमा उल्लेख भए बमोजिम इजरायलको प्रत्येक विशिष्ट क्षेत्रमा अस्थायी रोजगारीको लागि नेपाली नागरिकको भर्ना संयुक्त रुपमा कार्यान्वयन गर्न पक्षहरु सहमत भएका छन्।

२. कुटनीतिक माध्यम मार्फत सहमति गरिएको लिखित व्यवस्था अनुरुप सहकार्य गर्ने अधिकारीहरुले परस्परमा सम्झौता गरी कार्यान्वयन प्रोटोकल सम्पन्न गर्नेछन्।

३. यस सम्झौता र यस अन्तर्गतका कुनै क्रियाकलापको कार्यान्वयन सम्बन्धित लागू हुने कानून, नियम, कार्यविधि र प्रत्येक पक्ष राष्ट्रको संयन्त्र बमोजिम हुनेछ।

धारा ५- सामान्य योग्यता

नेपाल सरकारले सम्बन्धित सहकार्य गर्ने अधिकारीलाई आफ्नो तर्फबाट, प्रस्तुत सम्झौता अन्तर्गत अस्थायी रोजगारीको लागि भर्ना गरिने नेपाली कामदारमा सम्बन्धित क्षेत्रको लागि आवश्यक सीप, प्रशिक्षण र अनुभव भएको, मेडिकल परीक्षण भएको र मानसिक र शारीरिक स्वास्थ्य राम्रो भएको तथा सम्बन्धित मेडिकल प्रमाणपत्र साथमा भएको र कुनै अपराधिक गतिविधिमा संलग्न भएको अभिलेख नभएको साथै सम्बन्धित कार्यान्वयन प्रोटोकलमा उल्लेख भएका विषयहरु पूरा भएको सुनिश्चित गर्न, निर्देशन दिनेछ।

धारा ६- भर्ना प्रक्रिया

भर्ना प्रक्रिया पारदर्शी हुने, आवेदकलाई उनीहरुको भर्ना प्रक्रियाका सबै सान्दर्भिक जानकारी उपलब्ध गराइएको (इजरायलमा कानूनी वसोवास र रोजगारी तथा इजरायलमा आफ्नो कानूनी रोजगारीको अवधि समाप्त भएपछि नेपाल फर्कने लगायतका दायित्व समेत) हुने, सम्बन्धित कार्यान्वयन प्रोटोकलमा उल्लेख भएको स्वीकृत रकम कामदारबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा, कुनै एउटा राष्ट्रमा, सम्पूर्ण भर्ना प्रक्रियामा र इजरायलमा रोजगारीको समयमा संकलन गरिने, त्यस्तो स्वीकृत रकम समेत इजरायलको कानूनमा उल्लेख भएको स्वीकृत रकम भन्दा बढी नहुने, तथा त्यस्तो बाहेक उनीहरुको भर्ना सम्बन्धमा अन्य कुनै शुल्क वा रकम नलाग्ने सुनिश्चित गर्न पक्षहरुले सबै आवश्यक उपाय अवलम्बन गर्न सहमत भएका छन्।

धारा ७- संस्थागत व्यवस्था

१. पक्षहरुले, आफ्ना सहकार्य गर्ने अधिकारी मार्फत श्रम सम्बन्ध र फौजदारी अपराध लगायत प्रवेशाज्ञा, बसाइ, वैतनिक रोजगारी, रोजगारदाताको दायित्व र विदेशी कामदारको प्रस्थान लगायतका विषयका सान्दर्भिक जानकारी र त्यसमा भएको अद्यावधिक विवरण र यस सम्झौतामा उल्लेख गरिएका कार्यविधिका विषयमा प्रभाव पार्न सक्ने विद्यमान कानून र कार्यविधि आदानप्रदान गर्नेछन्।

२. प्रस्तुत सम्झौता तथा सोको कार्यान्वयन प्रोटोकल समेतको प्रभावकारी कार्यान्वयनको समीक्षा गर्ने तथा कुनै समस्या उत्पन्न भएमा सोको समाधान गर्ने उद्देश्यले पक्षका प्रतिनिधिहरु रहने गरी एउटा संयुक्त समन्वय समिति (यसपछि "समिति" भनिएको) रहनेछ।

३. कुनै पक्षले अनुरोध गरेमा, पालैपालो प्रत्येक राष्ट्रमा पारस्परिक रुपमा सहमति गरिएको शर्त र मितिमा वा उपलब्ध अन्य कुनै प्राविधिक माध्यम जस्तै भिडियो कन्फ्रेन्सबाट समितिको बैठक वार्षिक रुपमा बस्नेछ। पक्षहरुले एक अर्कालाई प्रत्येक बैठकको मिति भन्दा ३० दिन अगावै लिखित रुपमा आफूले छलफल गर्न चाहेको विषय सूचित गर्नेछन्।

४. प्रत्येक बैठक पछि सहमतिका बुँदा (अग्रिड माइन्युट) तयार गरिनेछ।

५. छलफल गरिनुपर्ने जरुरी विषयको सम्बन्धमा कुनै एक पक्षले अनुरोध गरेमा समितिको अतिरिक्त विशेष बैठक आव्हान गर्न सकिनेछ।

धारा ८- वैयक्तिक विवरणको संरक्षण

प्रस्तुत सम्झौता र सोको कार्यान्वयन प्रोटोकल अन्तर्गत सम्प्रेषण गरिएको परिचित वा पहिचान गर्न सकिने प्राकृतिक व्यक्तिको जानकारीको सम्प्रेषण, जानकारी राख्ने वा सोको प्रशोधन गर्ने कार्य प्रत्येक पक्ष राष्ट्रको गोपनियता र वैयक्तिक विवरणको संरक्षण सम्बन्धी राष्ट्रिय कानूनको अधिनमा रहनेछ। त्यस्तो जानकारी गोप्य रहनेछ र प्रस्तुत सम्झौता र सोको प्रोटोकलको उद्देश्यको लागि मात्र प्रयोग गरिनेछ।

धारा ९- कानूनी सहकार्य

प्रस्तुत सम्झौतामा उल्लेख भएका विषय सम्बन्धी अपराधको अनुसन्धान र अभियोजनमा पक्षहरुले, प्रत्येक पक्ष राष्ट्रको कानूनको अधीनमा रही सहकार्य गर्नेछन् र सहयोग उपलब्ध गराउनेछन्।

धारा १०

कामदारको फिर्ती

१. रोजगारीको आधिकारिक बसाई अवधि समाप्त भएपछि, कामदारले इजरायलबाट प्रस्थान हुनुपर्नेछ।

२. इजरायल जानु पूर्व, नेपाली कामदारले आफूले बुझ्ने भाषामा वैध रोजगारीका शर्त तथा इजरायलको बसाइ र त्यस्तो वैध अस्थायी रोजगारीको अवधि समाप्त भएपछि नेपाल फर्कनुपर्ने आफ्नो दायित्वका साथै अन्य कुनै पूरा गर्नुपर्ने कार्यविधि वा अतिरिक्त घोषणा समेतमा हस्ताक्षर गर्नुपर्नेछ वा यस धाराको परिपालना सुनिश्चित गर्नको लागि सहकार्य गर्ने अधिकारीले सहमत गरेका अन्य कुनै प्रत्याभूति (ग्यारेन्टी) उपलब्ध गराउनुपर्नेछ।

३. इजरायलको कानून, नियम, कार्यविधि तथा इजरायल सरकारले जारी गरेको प्रस्ताव बमोजिम तथा कामदारले आफ्नो आधिकारिक बसाई पछि पनि इजरायल नछोडेमा, कामदारले आफ्नो प्रवेशाज्ञा, कार्य अनुमति वा आफैले यस धाराको प्रकरण २ बमोजिम हस्ताक्षर गरेको घोषणा विपरित कार्य गरेमा वा यस सम्झौताको उल्लंघन गरेमा, वा इजरायल सरकारले त्यस्तो व्यक्तिको उपस्थितिले राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्यमा

असर पर्ने भनी निर्धारण गरेकोमा नेपालको नागरिकलाई इजरायल छोड्नको लागि आदेश दिन सक्ने अधिकार इजरायलको सरकारमा निहित रहनेछ।

४. प्रस्तुत सम्झौता अन्तर्गत भर्ना गरिएका नेपाली नागरिकलाई उनीहरुको वैध रोजगारीको अवधि समाप्त भएपछि शीघ्र र प्रभावकारी रुपमा नेपाल फिर्ता गर्नको लागि पक्षहरुले आवश्यक सहकार्य गर्नेछन्। पक्षहरुले यस सम्झौता अन्तर्गत भर्ना गरिएका गैर कानूनी रुपमा बसिरहेका नेपाली नागरिकलाई शीघ्र र प्रभावकारी रुपमा नेपाल फिर्ता गर्नको लागि समेत आवश्यक सहकार्य गर्नेछन्।

धारा ११ — विवाद समाधान- समान्य

प्रस्तुत सम्झौता अन्तर्गत वा सम्झौताका सम्बन्धमा उत्पन्न कुनै विवाद, द्विविधा वा दाबी तथा अवैधता, उल्लंघन वा समाप्ति लगायतको अवस्था सिर्जना भएमा पक्षहरु बीच वार्ता मार्फत सौहार्द रुपमा समाधान गरिनेछ।

धारा १२- रोजगारदाता र कामदार बीचको विवाद समाधान

रोजगारदाता र कामदारको बीचमा कुनै विवाद उत्पन्न भएमा इजरायलको अदालतको क्षेत्राधिकार मात्र लागू हुनेछ र इजरायलको प्रचलित कानूनको आधारमा मात्र समाधान गरिनेछ।

धारा १३- सम्झौता लागू हुने, अवधि र समाप्ति

१. प्रस्तुत सम्झौता पक्षहरुले एक अर्कालाई आफ्नो आन्तरिक कानूनी प्रक्रिया पूरा भएको सूचना उपलब्ध गराएको पछिल्लो मितिको कुटनीतिक पत्रको मिति देखि लागू हुनेछ।

२. माथि जुनसुकै कुरा लेखिएको भए तापनि, कुनै विशिष्ट क्षेत्रको लागि प्रस्तुत सम्झौता अन्तर्गत सम्बन्धित सहकार्य गर्ने अधिकारीहरुले उक्त क्षेत्र सम्बन्धी उपयुक्त कार्यान्वयन प्रोटोकलमा हस्ताक्षर गरेपछि लागू हुनेछ।

३. पक्षहरुले आपसी सहमतिमा लिखित रुपमा प्रस्तुत सम्झौता संशोधन गर्न सक्नेछन्। यस धाराको प्रकरण (१) मा उल्लेख भएको प्रक्रिया अनुरुप नै संशोधन लागू हुनेछ। कार्यान्वयन प्रोटोकलमा कुनै संशोधन भएमा सोही कार्यान्वयन प्रोटोकलमा उल्लेख भएको प्रक्रिया अनुरुप नै त्यस्तो संशोधन लागू हुनेछ।

४. प्रस्तुत सम्झौता तीन (३) वर्ष अवधिको लागि कायम रहनेछ र थप एक (१) वर्ष अवधिको लागि स्वतः विस्तार हुनेछ।

५. प्रत्येक पक्षले अर्को पक्षलाई सम्झौता समाप्त गर्न चाहेको मितिको कम्तिमा छ (६) महिना पूर्व कुनै पनि समयमा कुटनीतिक पत्र उपलब्ध गराई सम्झौता समाप्त गर्न सक्नेछ।

६. कुनै पनि पक्षले नेपाली आवेदनकर्ता वा कामदारबाट कुनै गैरकानूनी भर्ना शुल्क असुल गरेकोमा र समितिले दुवै पक्षलाई स्वीकृत हुने कुनै समाधान निकाल्न नसकेकोमा वा कुनै पक्षले समितिको बैठकको लागि अनुरोध गरेको पैंतालीस (४५) दिन भित्रमा (उपलब्ध कुनै विद्युतीय माध्यम मार्फत समेत) उक्त बैठक

बस्न नसकेकोमा, कुनै पक्षले सम्बन्धित कार्यान्वयन प्रोटोकल अन्तर्गत गरिएका क्रियाकलापहरुलाई समग्र रुपमा वा आंशिक रुपमा तत्काल लागू हुने गरी निलम्बन गर्न सक्नेछ।

७. प्रस्तुत सम्झौताको धारा १३ (५) वा धारा १३(६) अन्तर्गत गरिएको निर्णयले त्यस्तो निर्णय गर्दाको मितिमा यस सम्झौता अन्तर्गत जारी गरिएको प्रवेशाज्ञा लिइसकेको व्यक्तिको साथै यस सम्झौता अनुरुप इजरायलमा कानूनी रुपमा रोजगारी गरिरहेका नेपाली कामदारको हकमा समेत कुनै असर पर्नेछैन।

साक्षीहरुको उपस्थितिमा अख्तियारी प्राप्त व्यक्तिहरुबाट प्रस्तुत सम्झौतामा हस्ताक्षर भयो।

हिब्रु क्यालेण्डर अनुसार १२ औं Tishrei ५७८१, नेपाली पात्रो अनुसार २०७७ असोज १४ गते र अंग्रेजी पात्रो अनुसार ३० सेप्टेम्बर, २०२० का दिन ईजरायलको परराष्ट्र मन्त्रालयमा हिब्रु, नेपाली र अंग्रेजी भाषाका दुई प्रामाणिक प्रतिमा हस्ताक्षर भयो। व्याख्यामा फरक पर्न गएमा अंग्रेजी पाठ आधिकारिक मानिनेछ।

.....

इजरायल सरकारको तर्फबाट

.....

नेपाल सरकारको तर्फबाट